नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

## सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूतबीच शिष्टाचार भेटवार्ता

सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत Mr. Chen Song बीच आज मिति २०८२ असोज २७ गते सोमवारका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवारमा शिष्टाचार भेट सम्पन्न भयो । उक्त अवसरमा नेपाल तथा जनवादी गणतन्त्र चीनवीच रहेको द्विपक्षीय ऐतिहासिक सम्बन्ध, द्विपक्षीय सहकार्य तथा वर्तमान अवस्था र नेपाल सरकारका प्राथमिकता सम्बन्धमा छलफल भयो ।

उक्त छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री खरेलले नेपाल र जनवादी गणतन्त्र चीनबीच 'शान्तिपूर्ण सहअस्तित्व लगायतका पञ्चशीलको सिद्धान्तमा आधारित सम्बन्ध, नेपालमा चीनबाट सञ्चालित विकास आयोजना तथा चीनको बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) संरचना अन्तर्गतका परियोजना लगायतका विषयमा जनवादी गणतन्त्र चीनबाट प्राप्त आर्थिक एवम् प्राविधिक सहयोग र सद्भावको सराहना गर्नु भयो । यसका साथै मन्त्री खरेलले नेपालको विद्यमान विशिष्ट परिस्थितिको बारेमा उल्लेख गर्दै स्वतन्त्र तथा निष्पक्ष रुपमा निर्वाचनलाई सम्पन्न गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्य सरकारको प्रमुख प्राथमिकतामा रहेको जानकारी गराउनु भयो ।

सो भेटघाटको क्रममा जनवादी गणतन्त्र चीनका राजदूत Mr. Chen Song ले मन्त्री खरेललाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो । सो अवसरमा राजदूत Mr. Chen Song ले नेपाल र चीनबीच भएको बीआरआई सम्झौता अन्तर्गतका परियोजना तथा नेपालको राष्ट्रिय समाचार समिति र चीनको सिन्हा न्यूज एजेन्सीबीच भएको सम्झौताका विषयमा जानकारी गराउँदै नेपालको आर्थिक रुपान्तरण एवम् समृद्धिका लागि जनवादी गणतन्त्र चीनले नेपालको विकासका प्राथमिकता क्षेत्रमा वित्तीय र प्राविधिक सहयोग अभिवृद्धि गर्न उत्सुक रहेको तथा चीन सरकार नेपाल सरकारलाई सहयोग गर्न प्रतिवद्ध रहेको समेत जानकारी गराउनु भयो ।

काठमाडौं, २७ असोज २०८२

CamScanner